# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हेटौंडा, मकवानपुर
## बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
महाशाखा/शाखा : शिक्षा विकास महाशाखा
चलानी नं. : ८८७१३

मिति : २०७९।१२।०५

**विषय** : आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा सम्बन्धमा ।

श्री कक्षा ८ सञ्चालित सम्पूर्ण विद्यालयहरु,
हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा समितिको मिति २०७९।१२।०२ गतेको निर्णयानुसार आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा-२०७९ सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक विद्यालयहरुले तपसिल बमोजिमको निर्देशन पालना गर्नु/गराउनु हुन अनुरोध छ ।

**तपसिलः**

१. परीक्षा केन्द्र सम्बन्धमाः सम्बन्धित विद्यालयमा नै परीक्षा केन्द्र रहने ।

२. केन्द्राध्यक्ष सम्बन्धमाः सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै स्वतः केन्द्राध्यक्ष रहने तर निजले अन्य कुनै शिक्षकलाई तोकी केन्द्राध्यक्षको रुपमा रहेमा यस कार्यालयमा जानकारी गराउने ।

३. प्रश्नपत्र तथा परीक्षा सामग्री बुझ्ने सम्बन्धमाः प्रश्नपत्र तथा परीक्षाका लागि आवश्यक सामग्रीहरु बुझ्न मिति २०७९/१२/०७ गते कार्यालय समयभित्र प्रधानाध्यापक स्वयम् उपस्थित हुनुपर्ने । निज उपस्थित हुन नसक्ने भएमा कुनै शिक्षकलाई पत्र दिई पठाउने, साथै अन्य कसैलाई परीक्षा सम्बन्धी सामग्री उपलब्ध गराइने छैन ।

४. परीक्षाका लागि आवश्यक पर्ने उत्तर पुस्तिका/थप उत्तर पुस्तिका/दैनिक विद्यार्थी हाजिरी फाराम/अङ्कतालिका फाराम/समष्टिगत हाजिरी फाराम, मसलन्द सामग्री र स्थानीय विषयबाहेक आठ (८) विषयको प्रश्नपत्र यस कार्यालयबाट उपलब्ध गराइने । स्थानीय विषयको प्रश्नपत्र विद्यालयले नै निर्माण गरी परीक्षा सञ्चालन गर्ने र एकप्रति प्रश्नपत्र उपमहानगरपालिकामा पेश गर्ने ।

५. परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि कम्तिमा ३ जना शिक्षकहरुको रोहबरमा परीक्षातालिका तथा विषय रुजु तथा हस्ताक्षर गरी प्रश्नपत्रको प्याकेट खोल्ने र खाम सुरक्षित राख्ने । प्रश्नपत्रमा कुनै अस्पष्टता देखिएमा सम्बन्धित विषय शिक्षकले स्पष्ट पार्ने र परीक्षा समितिलाई छिटो भन्दा छिटो जानकारी गराउने ।

६. प्रश्नपत्र सुरक्षित राख्ने कार्य केन्द्राध्यक्षको हुने साथै त्यसमा कुनै गडबडी भएमा प्रचलित कानुन बमोजिम कारवाही हुने ।

७. विद्यालयले विद्यार्थीको बसाई व्यवस्थाका लागि एउटा कक्षामा बढीमा ३० जना विद्यार्थी रहने गरी सिट प्लानिङ गर्ने र सोको एकप्रति कक्षाकोठाबाहिरसमेत टाँस गर्ने ।

८. निरीक्षकको सिट प्लानिङ परीक्षा हुनुभन्दा एक दिन अघि नैं तयार गरी विद्यालयमा रेकर्ड राख्ने र एउटै कक्षामा एकै निरीक्षक पटक पटक नदोहोर्याउने र परीक्षा भएको विषयमा विषय शिक्षक निरीक्षकको रुपमा नराख्ने ।

९. परीक्षार्थीहरुलाई प्रवेशपत्रसहित परीक्षामा समावेश गराउने ।

अधिकृतस्तर दशौं

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

महाशाखा/शाखा : शिक्षा विकास महाशाखा

चलानी नं. :

१०. प्रत्येक उत्तरपुस्तिकामा केन्द्राध्यक्ष र निरीक्षकले अनिवार्य हस्ताक्षर गर्ने ।

११. सम्बन्धित विद्यालयका विषय शिक्षकबाट विद्यालयमा परीक्षण कक्ष तोकी उत्तरकुञ्जिकाको आधारमा उत्तरपुस्तिका परीक्षण गराई सुरक्षित राख्ने र सम्परीक्षणका लागि यस कार्यालयमा पेश गर्ने ।

१२. उत्तरपूस्तिका सम्परीक्षण परीक्षा समितिको निर्णयानुसार विषय शिक्षकहरुबाट गरिनेछ र सम्परीक्षण पश्चात् विद्यालयहरुले प्रयोगात्मक र सैद्धान्तिक प्राप्ताङ्कको विवरण इमिसमा प्रविष्ट गर्ने । सम्परीक्षण गर्दा परीक्षणमा कुनै कैफियत देखिएमा सम्बन्धित विद्यालयको नतिजा रोक्का राखिनेछ ।

१३. आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षालाई व्यवस्थित, मर्यादित एवम् अनुशासित बनाई सञ्चालन गर्न परीक्षा समिति/कार्यालयको पदाधिकारीहरु तथा कार्यालयले खटाएको कमचारीहरु/सम्बन्धित व्यक्तिबाट परीक्षाको नियमित अनुगमन/निरीक्षण गरिने भएकोले प्रत्येक विद्यालयले परीक्षा केन्द्रमा अनिवार्य निरीक्षण पुस्तिका राख्ने र सोको रेकर्ड राख्ने ।

१४. परीक्षा सम्बन्धी अन्य व्यवस्था आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम हुने ।

१५. परीक्षा सञ्चालनका क्रममा कुनै प्राविधिक कठिनाइ आइपरेमा परीक्षा समितिका सदस्यहरु तथा शिक्षा विकास महाशाखामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

१६. नतिजा प्रकाशन, पूर्नयोग र परीक्षा सम्बन्धी अन्य व्यवस्था पछि निर्णय भए बमोजिम हुनेछ ।

१७. आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षालाई स्वच्छ, शान्तिपूर्ण वातावरणमा व्यवस्थित, मर्यादित एवम् अनुशासित बनाई सञ्चालन गर्न आधारभूत तह उत्तीर्ण परीक्षा समिति तथा यस हेटौडा उपमहानगरपालिका र शिक्षा विकास महाशाखा सम्पुर्ण सरोकारवालाहरु समक्ष अनुरोध गर्दछ ।

गंगाधर रिमाल

अधिकृतस्तर दशौं

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा: सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।